आज मिति २०८१ साल कार्तिक महिना १३ गते बिहानको ९:०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८१\०८२ को १२ औं बैठक नगर प्रमुख श्री अशोक कार्की ज्युको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री सन्तोष थापा | का.वा.वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री बिष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री रवी किरण आचार्य | नि.प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २० | श्री सन्जय रेग्मी | अ.स्तर छैटौ | बे.न.पा. | ९८६५६८८५८९ | |
| २१ | श्री मोहन कार्की | नि.नि.सचिव [illegible] | बे.न.पा. | ९८६०६५४१०६ | |
| २२ | श्री गोकुल के.सी | | बे.न.पा. | | |
| २३ | श्री | | बे.न.पा. | | |

बेलका नगरपालिका, उदयपुर

आर्थिक वर्षः २०८१/८२

नगर कार्यपालिका बैठक संख्याः १२

मिति २०८१/०७/१३ गते बिहानको ०९:०० बजे

<u>प्रस्तावहरू</u>

१. कार्यविधि सम्बन्धमा ।

(क) बेलका महिला (U-14) आवासीय फूटबल वहुवर्षीय कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

२. आर्थिक सहयोग सम्बन्धमा (कुमारी बचिया चौधरी) ।

३. लगानी सम्मेलन, २०८१ सम्बन्धमा ।

४. परियोजना कार्यान्वयन समिति (PIS) गठन सम्बन्धमा ।

५. विविध ।

(क) प्रतिनिधि नियुक्त गरी अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ख) विपद व्यवस्थापन प्रयोजनार्थ सञ्चार खर्च सम्बन्धमा ।

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की

नगर प्रमुख

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा नगरपालिकाको विधायन समितिबाट मस्यौदा तयारी गरी पेश हुन आएको तपशील बमोजिमको कार्यविधि यस कार्यपालिकामा दफावर छलफल गरी आवश्यक बुँदामा संशोधन समेत गरी अन्तिम मस्यौदालाई यस कार्यपालिकाद्वारा अनुमोदन गरियो ।

**तपशीलः**

(क) बेलका (U-14) आवासीय फुटबल वहुवर्षीय कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाका कार्यपालिका सदस्य एवं बेलका नगरपालका -१ का वडा सदस्य श्री कुमारी बचिया चौधरीको रक्तचाप उच्च भई उपचारको क्रमा मिति २०८०/११/१७ मा दुःखद निधन भएको र निजको परिवारको आर्थिक अवस्था समेत अत्यन्तै कमजोर भएको हुँदा निजको उपचार गर्दा लागेको खर्च र मृत्यू संस्कार खर्च स्वरुप निजका परिवारका हकवाला सदस्यलाई नगरपालिकाको नगर प्रमुख जनसरोकार कार्यक्रमबाट व्ययभार हुने गरी रु १,००,०००।- (अक्षरेपी एक लाख रुपैंया मात्र) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रदेश लगानी प्राधिकरणको कार्यालय, कोशी प्रदेश, बिराटनगरको च.नं. ५२, मिति २०८१/०७/०४ को पत्रानुसार यस बेलका नगरपालिकासँग सम्बन्धित संघ संस्था अन्तरगत सार्वजनिक निजी सहकारी साझेदारी वा निजी लगानीमा सञ्चालन हुनसक्ने १० करोडभन्दा बढी लागतका लगानीयोग्य परियोजनाहरू लगानी सम्मेलनमा शोकेसिङ गर्ने प्रयोजनका लागि पठाइदिन भनिएको हुँदा यस नगरपालिकाको पर्यटनसँग सम्बन्धित तपशील बमोजिमको परियोजना छनौट गरी पत्रमा माग गरिएका विवरणहरू नगरपालिकाको पूर्वाधार विकास शाखालाई तयार गर्न जिम्मेवारी प्रदान गरी तोकिएकै समय सीमाभित्र परियोजना विवरण पठाउने निर्णय गरियो ।

**तपशीलः**

(क) बेलका बाटिका, भवरी देवी मन्दिर, कोशीटप्पु, बेलका राजारानी, रंगमहल, बोक्ताङ, आहाले, गिद्देभिर, मैनामैनी, टंकेला गुफा, सीतारानी, भूतिया दह पर्यटन सर्किट परियोजना ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, बिराटनगरको च.नं. ४५७, मिति २०८१/०७/०५ को पत्रानुसार नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय सम्झौता अनुसार कोशी प्रदेशमा पदमार्गमा आधारित पर्यटन विकास परियोजना (TTDP) अन्तर्गत रहेको मुन्धुम पदमार्ग परियोजना कार्यान्वयनका लागि बेलका नगरपालिकाका तपशील बमोजिमका पदाधिकारी रहने गरी परियोजना कार्यान्वयन समिति (Project Implementation Committee, PIC) गठन गरी मन्त्रालयलाई जानकारी गराउने निर्णय गरियो ।

तपशीलः

(क) बेलका नगरपालिकाका नगर प्रमुख - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) आर्थिक विकास समितिको संयोजक - सदस्य

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

(घ) परियोजना क्षेत्रका वडा अध्यक्षहरू (वडा नं. ७ र ८) - सदस्य

(ङ) पूर्वाधार विकास शाखाका प्रमुख (ईन्जिनियर) - सदस्य

(च) योजना शाखा प्रमुख - सदस्य सचिव ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५, विविध (क) माथि छलफल गर्दा यस बेलका नगरपालिका पक्ष वा विपक्ष भई न्यायक तथा अर्धन्यायिक निकायहरूमा चल्ने मुद्दा र चालु मुद्दामा यस नगरपालिकाको तर्फबाट कानूनी प्रतिरक्षाका गर्नका लागि नगरपालिकाका कानूनी सल्लाहकार अधिवक्ता सुरेन्द्र बस्नेतलाई प्रतिनिधि नियुक्त गरी अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

विविध (ख) माथि छलफल गर्दा नगरपालिकाको विपद व्यवस्थापन सम्बन्धी कार्य गर्दा विभिन्न वडा कार्यालय, स्थानीय तथा विभिन्न संघ संस्थासँग सम्पर्क र सम्बाद गर्ने प्रयोजनका लागि नगरपालिकाको विपद व्यवस्थापन शाखाका कर्मचारी श्री उपेन्द्र बहादुर थापालाई आ.व. २०८१/८२ को प्रारम्भदेखि नै सञ्चार खर्च बापत मासिक रु ५००।- उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

अशोक कार्की
नगर प्रमुख